आज मिति २०७९/०९/२८ गते यस नगरपालिकाको एघारौं नगरसभा यस नगरपालिकाका प्रमुख श्री कृष्ण प्रसाद काइरोला ज्यूको अध्यक्षतामा बस्यो । उक्त सभाको उपस्थिति तपशिल अनुसार रह्यो ।

**तपशिल**

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | कृष्ण प्रसाद कोइराला | |
| २ | उप प्रमुख | भवानी के.सी | |
| ३ | अध्यक्ष वडा नं १ | कर्न बहादुर गुरुङ | |
| ४ | अध्यक्ष वडा नं २ | नविन कुमार श्रेष्ठ | |
| ५ | अध्यक्ष वडा नं ३ | अमृत न्यौपाने | |
| ६ | अध्यक्ष वडा नं ४ | कृष्ण प्रसाद अधिकारी | |
| ७ | अध्यक्ष वडा नं ५ | श्री काजी गुरुङ | |
| ८ | अध्यक्ष वडा नं ६ | दिनेश बाबु कोइराला | |
| ९ | अध्यक्ष वडा नं ७ | जय राम रेग्मी | |
| १० | अध्यक्ष वडा नं ८ | विजेन्द्र थापा | |
| ११ | अध्यक्ष वडा नं ९ | मनराज गुरुङ | |
| १२ | अध्यक्ष वडा नं १० | दिपक राज ढकाल | |
| १३ | अध्यक्ष वडा नं ११ | ओम बहादुर दुरा | |
| १४ | कार्यपालिका सदस्य | राधा मल्ल | |
| १५ | कार्यपालिका सदस्य | इन्दु अधिकारी | |
| १६ | कार्यपालिका सदस्य | भगवति देवि वि.क | |
| १७ | कार्यपालिका सदस्य | राधिका भट्टराई/अधिकारी | |
| १८ | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| १९ | कार्यपालिका सदस्य | कृष्ण बहादुर दुरा | |
| २० | कार्यपालिका सदस्य | राजेन्द्र वि.क | |
| २१ | कार्यपालिका सदस्य | विल बहादुर घर्ती | |
| २२ | सदस्य वडा नं १ | सर्मिला ठडराई | |
| २३ | सदस्य वडा नं १ | निलकण्ठ अधिकारी | |
| २४ | सदस्य वडा नं १ | दिपेन्द्र बसौला | |
| २५ | सदस्य वडा नं २ | सिता नेपाली | |
| २६ | सदस्य वडा नं २ | नारायण बहादुर कुमाल | |
| २७ | सदस्य वडा नं ३ | निर्मला ढकाल | |
| २८ | सदस्य वडा नं ३ | सावित्रा विश्वकर्मा | |
| २९ | सदस्य वडा नं ३ | डमर बहादुर गुरुङ | |
| ३० | सदस्य वडा नं ३ | विष्णु राज अधिकारी | |

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ३१ | सदस्य वडा नं ४ | निरा न्यौपाने | |
| ३२ | सदस्य वडा नं ४ | देव राज गुरुङ | |
| ३३ | सदस्य वडा नं ४ | मन बहादुर गुरुङ | |
| ३४ | सदस्य वडा नं ५ | गोमा के.सी. रिमाल | |
| ३५ | सदस्य वडा नं ५ | चन्द्र माया दर्जी | |
| ३६ | सदस्य वडा नं ५ | यान कुमार गुरुङ | |
| ३७ | सदस्य वडा नं ५ | सन्तोष लामा | |
| ३८ | सदस्य वडा नं ६ | सरस्वती परियार | |
| ३९ | सदस्य वडा नं ६ | चन्द्र बहादुर तामाङ | |
| ४० | सदस्य वडा नं ६ | विजेश श्रेष्ठ | |
| ४१ | सदस्य वडा नं ७ | सविना सापकोटा | |
| ४२ | सदस्य वडा नं ७ | वृद्धि कला विश्वकर्मा | |
| ४३ | सदस्य वडा नं ७ | मुरली कुमाल | |
| ४४ | सदस्य वडा नं ७ | सन्तोष श्रेष्ठ | |
| ४५ | सदस्य वडा नं ८ | अनिता दुलाल (सार्की) | |
| ४६ | सदस्य वडा नं ८ | केशर बहादुर कुँवर | |
| ४७ | सदस्य वडा नं ८ | भैरु सिं कार्की | |
| ४८ | सदस्य वडा नं ९ | मधु कुमारी बोहोरा (भट्टराई) | |
| ४९ | सदस्य वडा नं ९ | चिज माया दर्जी | |
| ५० | सदस्य वडा नं ९ | खुशा बहादुर गुरुङ | |
| ५१ | सदस्य वडा नं ९ | सुरेश गुरुङ | |
| ५२ | सदस्य वडा नं १० | विन्दु देवी अधिकारी | |
| ५३ | सदस्य वडा नं १० | काली माया अछामी | |
| ५४ | सदस्य वडा नं १० | नारायण बहादुर भण्डारी | |
| ५५ | सदस्य वडा नं १० | योगेन्द्र गुरुङ | |
| ५६ | सदस्य वडा नं ११ | भुमिका दुरा | |
| ५७ | सदस्य वडा नं ११ | सुनिता सार्की | |
| ५८ | सदस्य वडा नं ११ | भुमि कर दुरा | |
| ५९ | सदस्य सचिव | दिबाकर पौडेल | |

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

सुन्दरबजार नगरपालिकाको ११ औ नगरसभामा
नगर प्रमुख कृष्ण प्रसाद कोइरालाज्यू द्वारा प्रस्तुत

# वक्तव्य

सुन्दरबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल

**यस गरिमामय नगर सभाका उपाध्यक्षज्यू,**

**सदस्य सचिवज्यू एवं नगर सभा सदस्यज्यू लगायत अन्य उपस्थित महानुभावहरु,**

आज म सुन्दरबजार नगरपालिकाको ११औं नगर सभामा यस आ.व. २०७९।८० को नीति तथा कार्यक्रमको अर्धवार्षिक समीक्षा प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु । यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले गरेको लामो र गौरवपूर्ण ऐतिहासिक संघर्षमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । यस्तै नेपालको आमूल परिवर्तनका लागि भएका विभिन्न चरणका आन्दोलनहरुमा अगुवाई गर्ने साथै, राष्ट्रियता, स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि संघर्ष गर्नुहुने आम नेपाली नागरिक र त्यसको सबल एवं सक्षम नेतृत्व गर्नुहुने अग्रजहरुप्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

नेपालको संविधान जारी भएपछि स्थानीय तहको दोश्रो निर्वाचनबाट स्थानीय सरकारको स्वरुपमा जनताबाट निर्वाचित जनप्रतिनिधिहरुले बिताएको आधा वर्षको कार्यकालमा यस नगरपालिकाको सर्वाङ्गीण विकास, निर्माण र जनमैत्री सेवा प्रवाहमा पुऱ्याउनुभएको योगदानको उच्च कदर गर्दै सम्पूर्ण नगरबासीहरु, जनप्रतिनिधिहरु तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुप्रति धन्यवाद ज्ञापन गर्दछु ।

गत वैशाखमा स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि छिट्टै गत मंसिर ४ गते प्रादेशिक र संघीय संसदको निर्वाचन सम्पन्न भएर नयाँ सरकार निर्माण भइरहेको छ र बाँकी प्रक्रियाहरु पूरा हुने क्रममा छन् । यस अवसरमा निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण, स्वच्छ र भयरहित वातावरणमा सम्पन्न यी सम्पूर्ण निर्वाचनले लोकतन्त्रलाई जगैदेखि बलियो बनाएको छ । यस अवसरमा नेपाल सरकार, निर्वाचन आयोगसँगै सम्पूर्ण नेपालीहरुप्रति यस सुन्दरबजार नगर सभा हार्दिक आभार व्यक्त गर्दछ ।

नगर सभाका सदस्यज्यूहरु,

नागरिकको सबैभन्दा नजिकको सरकारको रुपमा रहेर यस सुन्दरबजार नगरपालिकाले आफ्नो काम कारबाही गरिरहेको कुरा सर्वविदितै छ । नागरिकले सहजै देख्न सक्ने, छुन सक्ने, अनुभव गर्न सक्ने, भेट्न सक्ने पहूँचमा रहेको स्थानीय सरकार भएको हुँदा विकासमा नागरिकको सार्थक र जीवन्त सहभागिताको सुनिश्चितता गर्न सकिएको छ । नेपालको संविधानले परिकल्पना गरेको तीन तहको सरकार, त्यसका अधिकार क्षेत्र, संघ, प्रदेश र स्थानीय सरकार बीचको सहकारिता, सहअस्तित्व र समन्वय समेतको मर्म अनुसार नेपाल सरकार र प्रदेश सरकारले प्रस्तुत गरेको दीगो विकासको लक्ष्य प्राप्ति सहितको नीति तथा कार्यक्रम समेतलाई हृदयंगम गरी तथा स्थानीय सरकार संचालनको हालसम्मको अनुभव र नगरसभा मार्फत पारित ऐन नियम तथा कार्यविधि समेतका आधारमा साथै स्थानीय आवश्यकता र आकांक्षालाई ध्यानमा राख्दै दशौं नगरसभामा आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रम पेश गरी यसै गरिमामय सभाबाट पारित गरिएको थियो । सोही नीति तथा कार्यक्रममा आधारित रहेर आर्थिक बर्ष २०७९।८० का योजनाहरु तर्जुमा गरिएकोमा हाल ती योजनाहरु कार्यान्वयनको चरणमा रहेका छन् ।

हामी जनता जनार्दनको बलमा हाम्रो नगरपालिकामा कोही पनि भोका, नांगा वा अशिक्षित नरहून् । सुन्दरबजार नगरपालिकाभित्र सडक, बाटोघाटो, अस्पताल, शुद्ध पिउने पानी लगायत जीवनलाई सुन्दर र सुखी बनाउने खोजीमा सदैव तत्पर छौं । मानव आवश्यकताका श्रेणीबद्ध श्रृंखला पूरा गर्नका लागि आवश्यक कुनै कुराहरुको अभाव नहोस् भन्ने पक्षमा हामी अगाडि बढिरहेका छौं । कोख देखि शोकसम्म सुरक्षा गर्ने दायित्व स्थानीय सरकारको हो, त्यसकारण नगरपालिका भित्रका सबै नागरिकहरुलाई सर्वसुलभ प्राविधिक शिक्षामा जोड दिइने, सूचना प्रविधिको उचित व्यवस्थापन गर्ने, गुणस्तरीय स्वास्थ्य सेवामा जोड दिने, अति गरीब घर परिवारलाई स्वास्थ्य बीमा कार्यक्रम विस्तार गरिने, कृषि तथा पशुपालन व्यवसायमा विशेष जोड दिइने, दुग्ध उत्पादक र बाखा पालक किसानहरुलाई प्रोत्साहित गर्ने गरी नगरपालिकाले सबै वडाहरुमा विशेष कार्यक्रम बनाइएको छ

। सुन्दरबजार नगरपालिका भित्र गुणस्तरीय विद्युत सेवा एवं बैकल्पिक उर्जाको सक्दो उपलब्धता गराउने नीतिलाई प्रभावकारी बनाइएको छ । सबै वडा कार्यालयसम्म आउँदो ५ बर्ष भित्र पक्की सडक पुऱ्याउने, लागत साझेदारीमा पक्की सडकको विस्तार गर्ने कार्य र सुरक्षित आवासको व्यवस्था, पर्यटन क्षेत्रको विकासका लागि विशेष पहल गरिने एवं युवाशक्तिलाई खेलकुदमा आकर्षित गर्दै सम्पूर्ण वडाहरुमा एक एकवटा खेलमैदानको विस्तारमा जोड दिइने नीतिको अवलम्बन गरिएको छ ।

नगर सभा सदस्यहरु,

प्रथम स्थानीय निर्वाचनबाट कानून बनाउने कार्य निकै नै कठिन र लामो समय लाग्ने खालको हुन्थ्यो, तर पनि बितेको ५ वर्ष र यस आ.व.को २०७९।८० को विगत समयमा यस सुन्दरबजार नगरपालिकाको संचालनका आधारभूत, आर्थिक, सामाजिक विकासका क्षेत्रमा सकारात्मक परिवर्तनको शुरुवात भएको छ । राजनीतिक परिवर्तन पछिको बढ्दो जनअपेक्षा र सीमित स्रोत साधनको बीचको सामञ्जस्यता कायम गरी दीर्घकालीन रुपमा पर्याप्त, प्रभावकारी र प्रणालीबद्ध सेवा प्रवाहको सुनिश्चितता गर्नु पर्ने गुरुत्तर जिम्मेवारी हामी सबैको काँधमा रहेको छ । यस अवस्थामा सबैखाले आग्रह पूर्वाग्रहहरुबाट मुक्त भई समृद्ध सुन्दरबजार निर्माणको लागि हामी सबैको आ-आफ्नो तहबाट इमान्दारितापूर्ण प्रयास नै आम नागरिकहरुको अपेक्षा हुन आएको छ। यस आ.व. २०७९।८० को प्रस्तावित नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा नेपालको संविधानमा उल्लेखित मौलिक हक, राज्यका नीति तथा निर्देशक सिद्धान्त, नगरपालिकाको संविधानप्रदत्त हक र दायित्व, स्थानीय सरकारका कार्यक्षेत्र भित्र रहेर एकल र साझा अधिकारका विषयहरु, स्थानीय सरकार संचालन ऐनमा व्यवस्था गरिएका प्रावधानहरु, नगरपालिकाका स्थानीय कानूनहरु, संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने सबै प्रकारका अनुदान र नीतिगत मार्गदर्शनहरुका आधारमा यस सुन्दरबजार नगरपालिकाको आन्तरिक आय र प्राथमिकताका क्षेत्रहरु, नगरबासीको चाहना र सम्भावनाहरुलाई आधार मानी तयार गरिएका छन् ।

जनताको प्रत्यक्ष सरोकारका विषयहरुलाई सम्बोधन गर्नका लागि प्राप्त भएको जिम्मेवारीलाई इमान्दारितापूर्वक पूरा गर्न नगरपालिकाले विकासको समग्र योजना तथा कार्यक्रमहरु तय गर्दै कार्यान्वयन गरिरहेको सन्दर्भमा दशौं नगरसभा पश्चात् हासिल भएका मुख्य मुख्य उपलब्धीहरुलाई संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**पूर्वाधार विकास तर्फः**

सडक पूर्वाधार तर्फ कुन्छाको सुत्केरीढुंगादेखि शान्ति मावि सम्म मोटरबाटो स्तरोन्नति सम्झौता भई निर्माणाधीन अवस्थामा रहेको छ । त्यसै गरी प्रदेश तथा नगरपालिकाको समपूरक योजना अन्तर्गत सुन्दरबजार नगरपालिकाको मातृभूमि क्याम्पसदेखि सुन्दरबजार अस्पताल, रमाइलो मर्स्याङ्दी पर्यटन केन्द्र सडक कालोपत्रे तथा ढलानको कार्य भइरहेको छ । वडा नं. ८ को भारतीसदन लिंगेडाडा रामादी सडक स्तरोन्नति र वडा नं. २ को खत्रीठाँटी पुलदेखि तिलक स्मृति गेटसम्म स्तरोन्नतिको लागि टेण्डर आव्हान भएको र सिउँडीबारदेखि सुन्दरबजारको भिमसेनचोक हुँदै मानेचौका पुग्ने सडकको स्तरोन्नति एवं ढलानका लागि प्रक्रिया अगाडि बढेको छ । यस्तै भोटेओडारको बालुनेदेखि बेलघारी पुलसम पुग्ने सडक स्तरोन्नती कार्य सञ्चालनमा रहेको छ र यसलाई पूरा गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ । सत्रसय अर्चल्यानी च्यानपाटा सडक कालोपत्रे गर्ने कार्यका लागि टेण्डर प्रक्रियामा रहेको छ । कोइरालाफाँट- धुसेनी सडकखण्ड, सुन्तलेटार-नाउदीखोला, राडाँडा- खुर्सानी हुँदै बागेडाँडा पुग्ने सडकको स्तरोन्नतिको लागि टेण्डर प्रक्रियामा रहेको छ । नगरपालिकाको समन्वय र उच्च प्राथमिकतामा मध्यपहाडी लोकमार्गको पाउँदीदेखि कोइरालाफाँट हुँदै अगाडि जाने सडक निर्माण कार्य तीब्र गतिमा भईरहेको यस सभामा अवगत गराउन चाहन्छु । यसैगरी नगरपालिका र स्थानीयसँगको लागत साझेदारीमा विभिन्न क्षेत्रका भित्री सडकहरु कालोपत्रे तथा ढलान कार्यको लागि सम्झौता भई काम भइरहेको छ । नयाँ ल्याण्डफिल साईट पहिचान गरी आधुनिक प्रविधिमा आधारित रहेर

रमैला व्यवस्थापन गर्ने कार्यतर्फ नगरपालिका उन्मुख रहेको र हाल रहेको ल्याण्डफिल साईटसम्म पुग्ने ़ स्तरोन्नति गर्नको लागि बजेट विनियोजन भएको छ। सिंचाई पूर्वाधारतर्फ विपदबाट प्रभावित रहेको टार सिंचाई नहरको मर्मत कार्य सम्पन्न हुने अवस्थामा रहेको छ। सुन्दरबजार नगरपालिकामा बढ्दो पानी आवश्यकतालाई पूरा गर्नको लागि ठूला किसिमका आयोजनाहरुमा सुन्दरबजार वृहत खानेपानी ोजना, भाँगु कुन्छा खानेपानी आयोजना, बजारकोट खानेपानी, राम्चेखोला तुर्लुङकोट हुँदै दुराडाँडा क्षेत्रका वटा वडा समेट्ने गरी खानेपानी आयोजना सञ्चालन कार्यक्रम अगाडि बढिरहेको छ। यस्तै मझौला ाका खानेपानी योजना अन्तर्गत परेवाडाँडामा २ वटा योजना निर्माणाधीन रहेको र धुसेनीमा १ निर्माण सम्पन्न एवं १ योजना सम्पन्न हुने चरणमा रहेको जानकारी गराउँदछु। यस्तै जलउत्पन्न प्रकोप न्त्रणको लागि पाउँदी खोला, नाउदी खोला लगायतका खोलाहरुमा तटबन्धन गर्ने कार्य भइरहेको छ।

**ा र स्वास्थ्य तर्फ:**

ा क्षेत्रमा विनियोजित बजेटको सीमितता, अनिवार्य दायित्व सिर्जना हुने चालु खर्चका शीर्षकहरु वित्तीय ायोजन कुशलताको कमी, बजेट तथा कार्यक्रम कार्यान्वयनमा यथोचित समन्वय र सक्रियताको कमीका ण पनि शिक्षा क्षेत्रमा लगानीको तुलनामा प्रतिफल हासिल गर्न कठिनाईका बावजुद यस आर्थिक वर्षमा ा महत्वपूर्ण कार्यहरु सम्पन्न भएका छन्। जस अन्तर्गत शिक्षक दरबन्दी मिलान सम्बन्धी निर्देशिका पारित कार्यान्वयन प्रक्रियामा गएको छ। विद्यालय स्तरमा स्थानीय पाठ्यक्रम निर्माण कार्य अन्तिम चरणमा को छ। विद्यार्थी मूल्याङ्कन अभिलेखीकरण पुस्तिका तयार भई सम्पूर्ण विद्यालयहरुमा पुऱ्याइसकिएको छ। ामिक शिक्षकलाई विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालिम प्रदान गरिएको छ। नगरपालिकाका प्रमुख, उपप्रमुख, ख प्रशासकीय अधिकृत, शिक्षा शाखा प्रमुख समेतको सहभागितामा केही माध्यमिक विद्यालयहरुमा समूह रिवेक्षण तथा सघन निरीक्षण भएको र सो क्रममा विद्यालयहरुको भौतिक, सामान्य प्रशासनिक, आर्थिक, वस्थापकीय पक्षहरुको निरीक्षण गर्ने तथा वि.व्य.स पदाधिकारीहरु, शिक्षक, विद्यार्थी तथा सरोकारवालाहरुसँग तरक्रिया गरी आवश्यक सुझाव तथा पृष्ठपोषण दिइएको र यस कार्यलाई निरन्तरता दिइने छ।

ास्थ्य सेवा तर्फ विपन्न नागरिक सहयोग कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु निरन्तर सञ्चालन भई हालसम्म जनाको सिफारिस भएको, ३३ जनाले मिर्गौला डायलाइसिस, मृगौला प्रत्यारोपण, क्यान्सर तथा मेरुदण्ड ाघात भएकाहरुले प्राप्त गर्ने मासिक ५ हजार रुपैयाँ प्राप्त गरिरहेका छन्। डेंगु रोगको बेलामा पहिचान ा उचित उपचार र व्यवस्थापनले गर्दा डेंगुको नियन्त्रण गर्न सकिएको छ। स्वास्थ्य केन्द्रहरुमा महिलाहरुको ठेघरको मुखको क्यान्सर सम्बन्धी जाँच गर्ने अभियान शुरु गरिएको छ। कोभिड रोग नियन्त्रण तथा वस्थापनको लागि लक्षित जनसंख्याको ८० प्रतिशतले कोभिड विरुद्धको खोप प्राप्त गरिसकेका छन्। शोरीहरुको प्रजनन् स्वास्थ्यस्तर वृद्धि गर्नको लागि जनचेतनामुलक कार्यक्रम, पोषण स्थिति सुधार कार्यक्रम चालन भइरहेको छ। यसै गरी स्वास्थ्य क्षेत्रको पूर्वाधार तर्फ सुन्दरबजार अस्पतालको स्तरवृद्धिका लागि क्रिया अगाडि बढेको छ। चन्द्रेश्वरमा १५ शैयाको आधारभूत अस्पताल निर्माणाधीन अवस्थामा रहेको छ। सैगरी भोटेओडार आँखा उपचार केन्द्रको निर्माण कार्य सम्पन्न भई सुचारु हुने अवस्थामा रहेको छ। ारपालिकाको सहजीकरण र समन्वयमा नमूना सामूदायिक अस्पताल र मानव विकास तथा सामुदायिक वा (एच.डि.सि.एस) बीच ३० बर्षका लागि सम्झौता भई विशेषज्ञ सहितको गुणस्तरीय स्वास्थ्य सेवा प्रदान र्ने कार्य सुचारु भइरहेको छ। स्वास्थ्य शाखा अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट सम्पादन गरिने विभिन्न दर्ता जेष्टरलाई थप व्यवस्थित बनाउन HMIS TOOLS SOFTWARE जडान गरिएको छ। स्वास्थ्य त्रमा दक्ष एवं प्रतिबद्ध स्वास्थ्यकर्मी परिचालन गर्ने उद्देश्यले स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि तालिम निरन्तर ञ्चालन भइरहेको छ।

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

**कृषि तथा पशुपालन सेवा तर्फः**

नगरपालिकाको समृद्धिको आधारको रुपमा रहेको कृषि क्षेत्रलाई प्राथमिकतामा राखी विभिन्न कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । तरकारी मिनिकिट वितरण, निःशुल्क च्याउको बीऊ वितरण, ७५ प्रतिशत अनुदानमा मौरीको घार, मह-मदानी, सिल्पोलिन प्लाष्टिक, सिकेचर र स्प्रेयर वितरण कार्य भएको छ । यसै गरी कृषकहरुलाई आकस्मिक बाली संरक्षण सेवा उपलब्ध गराइएको छ । धान र मकैको बीऊ वितरण गरिंदैछ । तेलहन बाली प्रबर्द्धन कार्यक्रम र धानबाली प्रबर्द्धन कार्यक्रम संचालनमा रहेको छ । यसैगरी नगरपालिकामा रहेका कृषकहरुको सूचीकरण गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

पशुसेवा अन्तर्गत पशुहरुको उपचार सेवा, माईनर सर्जिकल, रोग पहिचानको लागि परीक्षण, रेवीजको भ्याक्सिनेसन, कृत्रिम गर्भाधान जस्ता कार्य नियमित रुपमा भइरहेका छन् । पशु आहारा विकास कार्यक्रम अन्तर्गत जै घाँसको बीऊ वितरण, सुपर नेपियर सेट्स वितरण, पशुपालन तालिम कार्यक्रम, जुनौटिक रोगबारे स्कूल शिक्षा कार्यक्रम संचालन भइसकेको र यसलाई निरन्तरता दिइने छ । यस्तै बाखा पालक किसानहरुलाई पकेट कार्यक्रम संचालनको क्रममा रहेको जानकारी गराउँदछु । दक्ष कृषि र पशु प्राविधिकको उपलब्धतालाई सहज बनाउने हेतुले कृषि स्नातक परिचालन गरिएको छ । नगरपालिकामा कृषि र पशुपालनको सम्भाव्यतालाई मध्यनजर गर्दै स्थानीय आवश्यकतामा आधारित योजना बनाउने उद्देश्यले छिट्टै नै कृषि विज्ञ गोष्ठिको आयोजना गरिन लागेको कुरा अवगत गराउन चाहन्छु ।

**पर्यटन तथा रोजगार तर्फ :**

नगरपालिका भित्रका सम्भावित पर्यटकीय स्थलहरुको पहिचान गरी त्यसको पूर्वाधार विकास गर्ने तर्फ नगरपालिकाले विशेष ध्यान पुऱ्याएको छ । पाउँदी स्थित शिवालय मन्दिर परिसरमा १०८ फिट अग्लो शिवजीको मूर्ति निर्माण गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने कार्यक्रम अगाडि बढेको छ । लमजुङको ऐतिहासिक पहिचानको रुपमा रहेको घुमाउने घरको नमूनाको रुपमा सुन्दरबजार नगरपालिका परिसरमा कोसेली घर निर्माण भइरहेको छ । पर्यटन पूर्वाधार अन्तर्गत वडा नं. ९ सिउँडीबारदेखि वडा नं. ८ को तार्कुकोट पुग्ने पर्यटन पदमार्ग निर्माण कार्य भइरहेको छ, जसले बजरकोट र गहते क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सहयोग पुग्नेछ । नगरपालिकाभित्र ४ बटा होमस्टे दर्ता भई संचालन भइरहेका र त्यसको विकासको लागि खजेपार्क, तुर्लुङकोट, सन्तानेश्वर महादेव, भागिरथी मन्दिर हुँदै सिरवानी फेदी जोड्ने पर्यटकीय मार्ग निर्माणको लागि सिफारिस गरिएको छ । सुन्दरबजार स्थित नारायणस्थान मन्दिरमा विभिन्न योजना संचालनको लागि बजेट विनियोजन भएको छ । आगामी बर्षहरुमा क्रमिक रुपमा ऐतिहासिक हलो क्रान्ति स्थलमा तोयनाथ पार्क निर्माणको योजना बनाई लागु गरिनेछ । नगरपालिका भित्रका ऐतिहासिक तथा पर्यटकीय स्थानहरुको पहिचान गरी पूर्वाधार विकासमा जोड दिइनेछ । सुन्दरबजारकै शिवालय मन्दिर, राम मन्दिर, विभिन्न चर्च, गुम्बा, मस्जिद, भेडीखर्के साहिंला युक्त गुरुङ स्मृति पार्क लगायतका स्थानहरुको व्यवस्थापन र विकासका लागि लागि योजनाहरु बनाइएको छ ।

यसैगरी प्रत्येक वडाबाट बेरोजगारको सूचीमा सूचीकृत हुन निवेदन प्राप्त भएका र मापदण्ड पुगेका बेरोजगारहरु मध्ये ६ सय ५८ जनालाई बेरोजगारको सूचिमा सूचीकृत गरी सूचना सार्वजनिकीकरण गरिएकोछ । कुल सूचीकृत मध्ये ७७ जनालाई प्राथमिकीकरण गरी सामुदायिक पूर्वाधार निर्माण तथा मर्मत संभारको कार्यमा संलग्न गर्ने कार्य भइरहेको छ । सूचीकृत बेरोजगारहरुलाई न्यूनतम रोजगारी प्रदान गर्न विभिन्न वडाबाट संभावित ५२ वटा सामुदायिक पूर्वाधार निर्माण तथा मर्मत संभारका योजनाहरुको योजना बैंक तयारी भइसकेको छ । योजना बैंकबाट प्राथिमिकताको आधारमा वडाले सिफारिस गरेका योजनाहरुं कार्यान्वयनका चरणमा रहेका छन् ।

प्रसाद कोइराला

**उद्यम विकास तर्फ :**

गरिबी निवारणको लाीग उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत वडा नं. ३ र ४ मा सहभागितामुलक ग्रामीण लेखाजोखा तथा उद्यमशीलता विकास तालिम सम्पन्न भएको छ र छनौट भएका सम्भावित उद्यमीहरुलाई सीप विकास तालिम अन्तर्गत बाखापालन, मौरीपालन तथा सिलाइकटाइ तालिम सञ्चालन हुने प्रक्रियामा रहेको छ। उद्यमीको स्तरोन्नति अन्तर्गत वडा नं. १० र ११ मा गत आ.व.मा सीप विकास तालिम लिएका सम्भावित उद्यमीलाई एडभान्स सीप विकास तालिम तथा प्रविधि हस्तान्तरणको कार्य शुरु गरिएको छ। नगरपालिका भित्रका नयाँ व्यवयीहरुको लागि मेयर उद्यमशिलता कार्यक्रम संचालन गर्न प्रस्ताव आव्हान गर्ने प्रक्रियामा रहेको छ । व्यवसायीक वातावरण सिर्जना गर्न व्यवसायीहरुसँग सम्बन्धित संघसंस्थाको साझेदारीमा सीप विकास तालिम आयोजना गर्न लागिएको छ । नगरपालिकामा हालसम्म १८ जना निर्माण व्यवसायी दर्ता भएका छन् । २ वटा यातायात व्यवसायी कम्पनी सूचीकरण भई ४४ वटा टेम्पो दर्ता भएका छन् । निर्माण व्यवसायलाई दर्ता तथा सूचीकरण गर्ने प्रक्रिया अगाडि बढाइएको छ ।

**सामाजिक समावेशीकरण तथा सुरक्षा तर्फः**

जेष्ठ नागरिकका सरोकारका विषयलाई सम्बोधन गर्न जेष्ठ नागरिक समिति गठन भई जेष्ठ नागरिक सुरक्षा, सम्मान जस्ता कार्यक्रम मार्फत आत्मसम्मान अभिवृद्धि गर्ने कार्य भइरहेको छ । अपाङ्गता भएकाहरुको लागि परिचय पत्र वितरण निरन्तर रहिरहेको र त्यस्ता व्यक्तिहरुलाई सीप विकासका कार्यक्रमहरु संचालनमा रहेको छ । लैङ्गिक हिंसा निवारणमा पुरुष सहभागिता प्रबर्द्धनका लागि सशक्तीकरण र सहकार्य तालिम संचालन भएको छ। वि.सं. २०८३ भित्र यस नगरपालिकालाई बालमैत्री तथा पोषणमैत्री पालिका घोषणा गर्न आवश्यक कार्य योजनाहरु तर्जुमाको प्रक्रियामा रहेको जानकारी गराउन चाहन्छु । यसै गरी महिला सशक्तीकरणको लागि सिप विकास तालिम, सचेतनामुलक कार्यक्रम संचालन भएका छन्। वडा स्तरमा नै राष्ट्रिय परिचयपत्र वितरण गर्ने कार्य शुरुवातको प्रक्रियामा रहेको छ। पहिचान भएका गरीबलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम भित्र समेट्ने गरी काम भएको छ। जन्मदेखि मृत्युसम्मका संस्कारमा स्थानीय सरकारको दायित्व महसुस गरी नयाँ जन्मने छोरीको नाममा बैंक खाता खोली रु २ हजार जम्मा गरिदिने व्यवस्था भएको छ र जिल्लाभित्र प्रसुतिगृहसम्म लैजानको लागि एम्बुलेन्स खर्च स्वरुप रु २ हजार उपलब्ध गराउने व्यवस्था कार्यान्वयनमा आएको छ। मृत्यु संस्कारमा नगरपालिका भित्र मलामी सहितको निःशुल्क शव बाहनको व्यवस्था गरिएको छ।

**सूचना प्रविधितर्फ :**

यस नगरपालिकाको आय लेखा र सम्पत्ति कर सफ्टवेयरहरुको वडा स्तरमा कार्यान्वयन सम्बन्धी कारोवार तथा अभिलेख व्यवस्थापनलाई चुस्त दुरुस्त एवं पारदर्शी बनाउन साथै सूचना तथा जानकारीहरुमा सरोकारवालहरुको पहुँच सहज बनाउन समेतको लागि आय लेखा र सम्पत्ति कर सफ्टवेयरहरुको प्रयोग थप व्यवस्थित गर्नको लागि नयाँ सफ्टवयर जडान भएको छ । यस नगरपालिकाको व्यवसाय कर र बहाल करसम्बन्धी कारोबार र तथा अभिलेख व्यवस्थापनलाई चुस्त, दुरुस्त एवं पारदर्शी बनाउन साथै सूचना तथा जानकारीहरुमा सरोकारावलाहरुको पहुँच सहज बनाउनको लागि व्यवसाय कर र बहाल कर सफ्टवयर जडान भएको छ ।

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

**योजना, अनुगमन तथा तथ्यांक व्यवस्थापन तर्फ :**

**भौतिक पूर्वाधार** तर्फ २२० भन्दा बढी योजना रहेकोमा हालसम्म ६० वटा योजनाको सम्झौता भएको छ भने **१२ वटा** योजनाको कार्यसम्पन्न भई भुक्तानी भएको अवस्था छ । ५ वटा योजनाको ठेक्का आह्वान भएको र कतिपय कार्यान्वयन र केही सम्झौताको क्रममा रहेका छन् । यस आ.व. मा सुरक्षित नागरिक आबास कार्यक्रम अन्तरगत खर तथा फुसको छाना विस्थापन कार्यक्रममा १९ जना लाभग्राहीले दोस्रो अथवा अन्तिम किस्ता प्राप्त गरेका छन् । विपद व्यवस्थापन अन्तर्गत ४५ वटा निजी आबास तथा भौतिक सरचनामा पुगेको क्षतिलाई सम्बोधन गरी राहतको रुपमा रकम विनियोजन गरी राहत वितरणको चरणमा रहेको छ । उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना सचालनका लागि अभिमुखीकरण तथा वडास्तरमा योजना सम्झौता कार्यक्रम सम्पन्न भएको छ । हालसम्म योजना कार्यान्वयनमा करीब ३० प्रतिशत भौतिक प्रगति भएको देखिन्छ । त्यसैले हाम्रो प्रतिबद्धता अनुसार चालु योजनाहरु कम्तीमा पनि जेठ मसान्त भित्र सम्पन्न गर्नका लागि यहाँहरु सबैको सक्रिय सहभागिताको लागि अनुरोध गर्दछु ।

**नगर सभा सदस्यहरु,**

अब म यस सुन्दरबजार नगरपालिकामा उठ्ने राजश्वको अनुमान तथा संकलनको विषयमा प्रस्तुत गर्न चाहन्छु ।

**राजश्व तर्फ :**

यस नगरपालिकामा गत आर्थिक बर्षमा १ करोड १० लाख राजश्व उठ्ने अनुमान गरिएकोमा सो आ.व.मा १ करोड २३ लाख ६४ हजार २१ रुपैयाँ तेइस पैसा राजश्व संकलन गर्न सफल भएको थियो भने चालु आर्थिक बर्षमा यस नगरपालिकामा १ करोड ५० लाख राजश्व उठ्ने अनुमान गरिएको र पौष २५ गते सम्म ५० लाख ३१ हजार ४ सय ३६ रुपैयाँ राजश्व संकलन भएको छ । गत आर्थिक बर्षको पौष २५ सम्म ४८ लाख ७७ हजार ३ सय ९० रुपैयाँ संकलन भएको थियो । यहि समयसम्म १ लाख ५४ हजार ४५ रुपैयाँ बढी राजश्व संकलन भएको छ । तर पनि चालु आ.व.मा अनुमान गरे बमोजिमको लक्ष्य हासिल गर्नको लागि व्यवसाय कर, घर बहाल कर एवं दहत्तर बहत्तरबाट उठ्ने राजश्व संकलनमा जोड दिनुपर्ने देखिन्छ ।

**संस्थागत विकास तथा क्षमता अभिवृद्धि तर्फ :**

यस नगरपालिकालाई सेवाग्राहीमैत्री पालिकाको रुपमा विकास गर्नको लागि आवश्यक भौतिक संरचना निर्माण गर्ने कार्य अगाडि बढीरहेको छ । पालिकाको भवन वरपर कम्पाउण्डको काम सम्पन्न हुने चरणमा रहेको छ । वडा नं. ११ को वडाको भवन निर्माण भइरहेको छ । सहकारीको कार्यसम्पादनलाई प्रभावकारी बनाउने उद्देश्यले कोपोमिस तालिम संचालन गर्नको लागि बजेटको व्यवस्था गरिएको छ । अध्ययन तथा अनुसन्धानलाई प्रोत्साहन गर्ने गरी बजेट विनियोजन गरी कार्यान्वनमा लगिएको छ । परम्परागत सीपलाई पूँजीकृत गर्ने उद्देश्यले आरन सुधार तथा व्यवस्थापन कार्यक्रम संचालन गर्न बजेटको व्यवस्था गरिएको छ । विभिन्न सामुदायिक तथा गैर सरकारी संस्थासँग समन्वय तथा सहकार्य गरी लागत साझेदारीमा क्षमता अभिवृद्धि, सीप विकास जस्ता कार्यक्रमहरु संचालन गरिएका छन् । कर्मचारीको क्षमता अभिवृद्धि तथा प्रोत्साहन गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ । यसै गरी नगरपालिकाबाट सम्पादित हुने काम कारबाहीलाई चुस्त दुरुस्त राख्न समयानुकूल आवश्यक कार्यविधि तथा निर्देशिकाहरु तयार गरी कार्यान्वयनमा लगिएको छ।

हालसम्म हासिल उपलब्धीको विश्लेषण गर्दा लक्ष्यको तुलनामा सकारात्मक प्रगति सूचकहरु देखिएका छन् । यसर्थ दशौं नगरसभाले पारित गरेका नीति तथा कार्यक्रम सफलतातर्फ उन्मुख रहेको निश्कर्ष निकाल्न

...प्रसाद कोइराला

सकिन्छ । आवश्यक नीति नियमको तर्जुमा तथा संशोधन, मानव तथा अन्य स्रोतको व्यवस्थापन मार्फत योजना तथा कार्यक्रमलाई पूर्णता दिन नगरपालिका निरन्तर रुपमा लागिरहेको छ ।

अन्त्यमा नगरपालिकाको बजेट तथा कार्यक्रम कार्यान्वयनमा सक्रियतापूर्वक लाग्नुहुने सम्पूर्ण नगरबासी महानुभावहरु, उपभोक्ता समितिहरु, जनप्रतिनिधि साथीहरु, राष्ट्रसेवक कर्मचारीहरु, आवश्यक सल्लाह र सुझाव दिनुहुने राजनैतिक तथा सामाजिक अभियन्ताहरु, बुद्धिजिवीहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, व्यवसायीहरु, सञ्चारकर्मीहरु लगायत सबैमा विगतमा जस्तै आगामी दिनमा पनि थप रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा सहित हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

मितिः २०७९।०९।२८

२०७९।०९।२८

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

## मिति २०७९/०९/२८ गते बसेको एघारौं नगरसभा बैठकका निर्णयहरु :

**निर्णय नं १**

एघारौं नगरसभाका सभाध्यक्ष श्री कृष्ण प्रसाद कोइराला ज्यूबाट सभालाई सम्बोधन भयो । उक्त सम्बोधनको प्रस्ताव सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

**स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याकंन कार्यविधि, २०७७** अनुसार स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याकंनको नतिजा पौष मसान्त भित्र जिल्ला समन्वय समितिको षृष्ठपोषण समेत समावेश गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था भए अनुसार आ.व २०७८/७९ को स्वमूल्याकंनको नतिजा पृष्ठपोषणको लागि मिति २०७९/०९/१३ गतेको निर्णय अनुसार जिल्ला समन्वय समितिमा पठाईएकोमा जिल्ला समन्वय समितिबाट प्राप्त पृष्ठपोषण सहित कुल ६३.२५ प्रतिशत अंक प्राप्त गरेको हुँदा स्वमूल्याङ्कनको अन्तिम नतिजा कार्यालयको सूचना पाटी, वेवसाईट तथा संचारमाध्यमहरुबाट सार्वजनिक गर्ने साथै गुणस्तर परीक्षणको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

सुन्दरबजार नगरपालिकाको आवधिक योजनाको अन्तिम प्रतिवेदन सर्वसम्मत रुपमा पारित गरियो ।

**निर्णय नं. ४**

नगरकार्यपालिकाको मिति २०७९/९/१३ गते बसेको आ.व. २०७९/८० को निर्णय अनुसार आ.व २०७९/८० को लागि तपशिलका योजनाहरु संचालन गर्ने र रकम नगद मौज्दातबाट विनियोजन गर्ने सर्वसम्मतले निर्णय गरियो ।

**तपशिल**

| सि.नं | योजना/कार्यक्रमको नाम | वडा नं | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | किरिन्चे खोलामा सत्रसय थाक्ले स्टिल पुल निर्माण | ४ र ५ | १५,३६,२६५। | |
| २ | खहरे खानेपानी सरसफाई तथा मर्मत | ५ | ३,१६,२१७५८ | |

कृष्ण प्रसाद कोइराला

| | | | | |
|---|---|---|---|---|
| ३ | पानी तथा ढल निकास | | रु ३,०६,२७५। | |
| ४ | कार्यालय गेट/कम्पाउण्ड, तथा कोसेली घरमा विद्युत जडान | | रु १,९१,०००। | प्रशासकीय भवन |
| ५ | कार्यालय परिसरमा ईनार निर्माण | | रु १,६०,०००। | |
| ६ | कृषि उपज संकलन केन्द्रमा रङ रोगन तथा सटर निर्माण | ६ | १,९०,०००। | |
| ७ | शौभाग्य सदन मा.वि. शौचालय निर्माण | १० | १५,७३,३२०।७७। | |
| ८ | कुन्छा बजारमा सार्वजनिक शौचालय निर्माण | १ | १,००,००० | |
| ९ | जलदेवी मन्दिरको ट्रस निर्माण र मर्मत | ८ | २,००,७८२।७८ | |
| १० | आर्य समाजको भवन निर्माण | ७ | ५,००,०००। | |
| ११ | संस्कृत सदन मा.वि.मा रिटेनिङवाल निर्माण | ४ | ७,६६,२९५।२२ | |
| १२ | विद्याज्योति मा.वि.मा शौचालय निर्माण | ५ | ६,२२,०००। | |
| १३ | देवि सदन प्रा.वि.मा रिटेनिङ वाल निर्माण र विद्यालय जाने सडक निर्माण | ११ | ३,२७,५१३। | |
| | जम्मा | | ६७,८९,६६९।३५ | |

## निर्णय नं ५

### बजेट तथा कार्यक्रम संसोधन

क) चालु आ.व.को लागि गत असारमा सम्पन्न दशौं नगरसभाबाट पारित भएका वडास्तरीय कार्यक्रम तपशिल अनुसार संसोधनको गर्ने सर्वसम्मतले निर्णय गरियो ।

| सि.नं | योजनाको नाम | विनियोजित रकम रु. | वडा नं | नयाँ योजनाको नाम | रकमान्तर गरी विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | भिष्मकान्त गौलीको घर देखी साउनेपानी सम्म सिंडी निर्माण | १,५०,०००। | १ | साउनेपानी देखी चापबोटे गाँउ जाने बाटो ग्याविन जाली भर्ने | १,५०,०००। | |
| | दुरा पाटीबाट माथि मोटरबाटो सम्म जाने सिंडी निर्माण | ५०,०००। | | पतेनी महादेव मन्दिर मर्मत तथा मन्दिर आवतजावत गर्ने सिंडी निर्माण | ५०,०००। | |
| | जागृति आमा समुहको भवन मर्मत | ५०,०००। | | प्रगतीशिल आमा समुहको भवन मर्मत | ५०,०००। | |
| २ | सु.न.पा २ परेवाडाँडा वडा भरीको | १५,००,०००। | २ | • सुन्तलेटार खानेपानी योजना | २,००,०००। | |

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | खानेपानी मर्मत तथा स्तरोन्नती | | | • गाउसे खानेपानी योजना<br>• कुसुण्डे खानेपानी योजना<br>• परेवाडाँडा खानेपानी योजना<br>• हर्सेटार खानेपानी योजना | ६,००,०००।<br>१,५०,०००।<br>३,००,०००।<br>२,५०,०००। | |
| ३ | सिँचाई पूर्वाधार विकास कार्यक्रम | **३,००,०००।** | ३ | खानेपानी मर्मत | **३,००,०००।** | |
| ४ | छहरे छागो सम्म सिँडी बाटो निर्माण | २,००,०००। | ४ | जस्तापाता खरिद कार्यक्रम<br>पन्चेबाजा खरिद कार्यक्रम | १,००,०००।<br>१,००,०००। | |
| ५ | बरथुम्की कोटेश्वर शिवधाम गौशाला निर्माण | २,००,०००। | ४ | बरथुम्की कोटेश्वर शिवधाम कछुवा पोखरी निर्माण | २,००,०००। | |
| ६ | बागेडाँडा सामुदायिक भवन निर्माण<br>खरिभञ्ज्याङ गोरेटो बाटो | ४,००,०००।<br>३,००,०००। | ५ | खरिभञ्ज्याङ बागेडाँडा सडक स्तरोन्नती | ७,००,०००। | |
| ७ | • कौशि तरकारी खेती संचालन योजना<br>• दलित तथा विपन्न सुत्केरी महिलालाई पोषण तथा सुत्केरी स्याहार खर्च प्रति बालक ३,०००।<br>• खत्रीठाँटी बरबोट अधुरो पक्कि नाला निर्माण योजना<br>• मगर गाँउ ढकालगाँउ मोटरबाटो | ५०,०००।<br>३,००,०००।<br>१,००,०००।<br>५०,०००।<br>१,००,०००। | ६ | • साझा कल्भर्ट गंगा मार्ग अधुरो नाला निर्माण योजनामा रकम थप<br>• बगुवा अधुरो कुलो सम्पन्न योजनामा रकम थप<br>• मिलनचोक नाला निर्माण<br>• आहाले अधुरो कुलो निर्माण योजनामा थप<br>• मिलन बाल विकास केन्द्र भवन कम्पाउण्ड, नाला र गेट निर्माण<br>• निबुटे खानेपानी ट्याङ्की निर्माण तथा मर्मत योजना<br>• दलित तथा विपन्न सुत्केरी महिलालाई पोषण तथा सुत्केरी | १,३०,०००।<br>७५,०००।<br>७०,०००।<br>२५,०००।<br>१,२५,०००।<br>२,५०,०००।<br>५०,०००। | |

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ग्राबेल<br>योजना<br>• कामी खोला ढापखेत सिंचाई कुलो मर्मत योजना<br>• निबुटे खानेपानी ट्याङ्की निर्माण योजना | २,५०,०००। | | स्याहार खर्च प्रति बालक ३,०००।<br>• युवा लक्षित स्वरोजगार तथा खेलकुद कार्यक्रममा रकम थप<br>• दलित महिला, अपाङ्ग, जेष्ठ नागरिक तथा बालबालिका कार्यक्रममा रकम थप | २५,०००।<br>१,००,०००। | |
| ८ | रमाईलो मर्स्याङ्दी पर्यटन केन्द्रको अधुरो सडक स्तरोन्नति<br>खानेपानी मर्मत तथा व्यवस्थापन<br>प्रधान मन्त्री रोजगार कार्यक्रमको लागि सामाग्री खरिद<br>सापकोटा टोल-माछापुर्छे-रामजानकी सडक<br>ब्याक हो लोडर संचालन | ५,००,०००।<br>६,५०,०००।<br>२,००,०००।<br>५,००,०००।<br>१२,५०,०००। | ७ | राधाकृष्ण मन्दिर-पाखाटार सडक स्तरोन्नती<br>खानेपानी मर्मत तथा निर्माण<br>भिरुवा-पुरेनी-मातृभूमी सडक स्तरोन्नति<br>सापकोटा टोल-माछापुर्छे-रामजानकी सडक<br>ब्याक हो लोडर संचालन<br>नेवा: खल भवन मर्मत तथा व्यवस्थापन | ५,००,०००।<br>३,५०,०००।<br>५,००,०००।<br>८,००,०००।<br>८,५०,०००।<br>१,००,०००। | |
| ९ | एम्बुलेन्स खरिद | १३,००,०००। | ८ | • अमबोटे मोटरबाटो स्तरोन्नती<br>• कुवर कुल मन्दिरमा रिटेनिङ्ग वाल निर्माण<br>• रामदी आमा समुह भवन<br>• घोकेश्वारा कालिका मन्दिर मर्मत<br>• बलिथुम चण्डी मन्दिर<br>• डि.डि.सी ग्राउण्डमा प्रतिक्षालय निर्माण | १,५०,०००।<br>१,००,०००।<br>१,००,०००।<br>५०,०००।<br>१,००,०००।<br>२,५०,०००। | |

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • बलिथुम बरकोट खानेपानी ट्याङ्की सम्म जोडिने मोटरबाटो स्तरोन्नती<br>• ५० प्रतिशत अनुदानमा कृषि हाते ट्याक्टर खरिद तथा वितरण<br>• जिमित्रे प्रतिक्षालय | २,५०,०००।<br>१,५०,०००।<br>१,५०,०००। | |
| १० | फुलबारी बहुउद्धेश्यीय समाज | १,००,०००। | ९ | फुलबारी बहुउद्धेश्यीय समाज भवन मर्मत तथा पार्क निर्माण | १,००,०००। | |
| ११ | बाँह्रपानी दुरा समाज भवन मर्मत | २,००,०००। | १० | बाँसपानी दुरा समाज भवन मर्मत | २,००,०००। | |
| १२ | विद्युत ट्रान्सफर्मर खरिद | ४,००,०००। | ११ | वडा कार्यालय व्यवस्थापन | ४,००,०००। | |

ख) चालु आ.व.को लागि गत असारमा सम्पन्न दशौं नगरसभाबाट पारित भएका बजेट तथा कार्यक्रमहरु तपशिल अनुसार संसोधन गर्ने सर्वसम्मतले निर्णय गरियो ।

तपशिल

| सि.नं | योजना/कार्यक्रमको नाम | थप रकम रु | घट रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | शिक्षाद्धार निर्माण क्रमागत योजना | | २२,००,०००। | ठेक्का सम्झौता रद्ध |
| २ | शव बाहन खरिद | | १७,००,०००। | |
| ३ | पाँउदी खोला IEE | | ५,००,०००। | |
| ४ | सडक पूर्वाधार साझेदारी शीर्षक | २५,००,०००। | | नपुग |
| ५ | गुरुयोजनाको डि.पि.आर | | ५,००,००० | |
| ६ | गुरुयोजना तथा डि.पि.आर निर्माण | १५,००,०००। | | |
| ७ | जग्गा वर्गीकरण | १५,००,०००। | | |
| ८ | पार्क तथा सार्वजनिक स्थल निशुल्क WIFI ZONE निर्माण | | ५,००,००० | |
| ९ | नगर क्षेत्रमा सि.सि क्यामरा जडान तथा मर्मत | | १०,००,०००। | |

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| १० | नगर क्षेत्रमा सि.सि क्यामरा जडान, मर्मत तथा व्यवस्थापन | १०,००,०००। | | |
| ११ | जेष्ठ नागरिक र अपाङ्गता सम्वन्धि डिजिटल कार्ड वितरण | २,००,०००। | | |
| १२ | कार्यालयमा सि.सि क्यामरा जडान | | ५,००,०००। | |
| १३ | व्यक्तिगत घटना दर्ता किताब डिजिटाईजेसन | ३,००,०००। | | |
| १४ | ए.सी जडान | ५,००,०००। | | |
| १५ | स्वास्थ्य बिमा अनुदान | ३,००,०००। | | |
| १६ | कबरस्थान खोजी र निर्माण | | ४,००,०००। | |
| १७ | अनन्त शालोम चर्च पर्खाल निर्माण | ४,००,०००। | | |
| १८ | रेडियो कार्यक्रम तथा सूचना प्रसारण | २,७५,०००। | | रेडियो भोटेवडारले यस आ.व. भरी सूचना र रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण गरे बापत भुक्तानी दिनको लागि रु २,००,०००। |
| १९ | शहरी स्वास्थ्य केन्द्र संचालन अनुदान | | २४,००,००० | |
| २० | सुन्दरबजार अस्पताल<br>● सामाग्री खरिद<br>● पानी बिजुली बिल | <br>२,००,०००।<br>२,००,०००। | | |
| २१ | शेहरी स्वास्थ्य केन्द्र भोटेवडार फर्निचर तथा प्रयोगशाला सामाग्री व्यवस्थापन | २,५०,०००। | | |

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| २२ | विविध पूँजीगत | ५०,९१,४१६। | | बैंक मौज्दातमा रहेको अनुमानित रु १ करोड पचास लाख बाट |
| २३ | विविध चालु | २०,२१,०००। | | बैंक मौज्दातमा रहेको अनुमानित रु १ करोड पचास लाख र विभिन्न शीर्षकबाट घट रकम |
| २४ | विविध खेलकुद कार्यक्रम | ३,००,०००। | | |
| २५ | बिमा तथा नवीकरण शुल्क | २,००,०००। | | |
| २६ | कोसेली घर | १०,००,०००। | | |
| २७ | आरान सुधार | १,००,०००। | | |
| २८ | स्वयम सेवक शिक्षक व्यवस्थापन | २,००,०००। | | |
| २९ | अन्य अनुदानबाट संचालित योजनामा लागत साझेदारी | २५,००,०००। | | |
| ३० | सुरक्षित मातृत्वका लागि आवश्यक सामाग्री खरिद | ३,५०,०००। | | |
| ३१ | कोरोना प्रतिकार्य कोष | ५,००,०००। | | |
| ३२ | कृषि तथा पशुपालन विषयक अन्तक्रिया कार्यक्रम | ७०,०००। | | |
| | जम्मा | २,१४,०७,४१६। | ९७,००,०००। | |

ग) मिति २०७९ साल पुष १३ गते बसेको आ.व २०७९/८० को नवौं कार्यपालिका बैठकको निर्णय अनुसार आ.व २०७९/८० को वार्षिक कार्यक्रम अन्तर्गत सडक पूर्वाधार साझेदारी शीर्षकबाट रकम विनियोजन भएका योजनाहरु तपसिल अनुसार संसोधन गर्ने सर्वसम्मतले निर्णय गरियो ।

तपसिल

| सि.नं | वडा नं | योजनाको नाम | लागत इस्टमेट रकम रु | लागत इस्टमेट रकम रु (संसोधन) | कैफियत |
|---|---|---|---|---|---|

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | (नगरकार्यपालिकाको निर्णय अनुसार) | | |
| ३ | चिहानपाटा वडा कार्यालय सँगैको सडक ढलान योजना | ११,८१,५८७.८५ | १६,६५,१८४.१२ | कुल लागत रकम मध्ये उपभोक्ता समितिको ३० प्रतिशत नगरपालिका ७० प्रतिशत लागत साझेदारी रहने |
| ३ | हस्पिटल रोड सडक कालोपत्रे/ढलान | ३०,२४,५७१.५८ | २५,४०,९७५.३१ | |
| | जम्मा | ४२,०६,१५९.४३ | ४२,०६,१५९.४३ | |

**निर्णय नं ६**

गत आ.व.मा निर्माण सम्पन्न भएको तर सशर्त अनुदान तर्फ निकासा कम भएको कारण भुक्तानी दिन बाँकी रहेको त्रिवेणी मर्स्याङ्दी झोलुङ्गे पूल निर्माणको रकम रु १,३१,७८२। यस आ.व.मा सोही शीर्षकमा विनियोजन भएको सशर्त अनुदान तर्फको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ७**

सुन्दरबजार नगरपालिकाको आर्थिक ऐन २०७९ मा छुट भएका विभिन्न शुल्क तथा दस्तुरका सम्बन्धमा तपशिल बमोजिमका विषयमा सर्वसम्मत अनुमोदन गर्ने र आर्थिक ऐन २०८० मा समावेश गर्ने निर्णय गरियो ।

क) स्वास्थ्य सेवा अन्तर्गत सामुदायिक अस्पतालको वार्षिक नविकरण दस्तुर रु ५,०००।

ख) घुम्ती सेवा (व्यवसाय) संचालन गर्ने व्यक्ति/संस्था प्रती वडा व्यवसाय अनुमती शुल्क रु १,०००।

ग) निजि जग्गाबाट प्राकृतिक श्रोत(ढुङ्गा, गिटी, बालुवा, माटो) नियमानुसार उत्खनन् गरी बिक्रि वितरण गर्दा नगरपालिकाको आर्थिक ऐन,२०७९ बमोजिमको दस्तुर लिने ।

घ) स्थानीय तह बाहिर व्यवसायिक प्रयोजन :

काठ : प्रती ट्रक रु २,०००।, प्रति ट्याक्टर रु १,५००।

कुकाठ : प्रती ट्रक रु १,५००।, प्रति ट्याक्टर रु १०००।

**निर्णय नं ८**

आ.व २०७९/८० को वार्षिक कार्यक्रम वडागत रुपमा संचालित योजनाहरु मिति २०८० जेष्ठ मसान्त सम्म र शाखागत रुपमा संचालित योजनाहरु मिति २०८० जेष्ठ १५ भित्र आवश्यक प्रक्रिया सम्पन्न गरी भुक्तानीको लागि आर्थिक प्रशासन शाखामा पेश गरिसक्ने साथै तोकीएको समय सिमा भन्दा पछि आएका योजनाहरुको भुक्तानी दिन कार्यालय बाध्य नहुने निर्णय अनुमोदन गरियो ।

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

## निर्णय नं ९

सुन्दरबजार नगरपालिका नगरकार्यपालिकाको कार्यालयको मिति २०७४/१२/२८ गते बसेको बैठकको निर्णय नं २, मिति २०७५/११/२९ गते बसेको बैठकको निर्णय नं ६ र मिति २०७५/१२/०५ गते बसेको चौथो नगरसभाको निर्णय नं १ अनुसार यस नगरपालिकामा राजश्व दाखिला गरेका, प्लिन्थ लेभल सम्मको निर्माण कार्यको ईजाजत पत्र प्राप्त गरेका, भवन निर्माण स्थायी इजाजत पत्र प्राप्त गरेर घर निर्माण समेत भएका निम्न घरहरुलाई घर अभिलेखीकरण प्रमाणपत्र प्रदान गर्ने साथै उल्लेखित निर्णय बमोजिम घर अभिलेखीकरण प्रमाणपत्र प्रदान गर्ने सर्वसम्मतले निर्णय गरियो ।

निम्न :

| सि.नं | घर धनीको नाम | सडकखण्ड | कैफियत |
|---|---|---|---|
| १ | सरोज ढकाल | सुन्दरबजार-सिँउडीबार | प्लिन्थ लेभल सम्मको अनुमती प्राप्त |
| २ | गोपाल पोखेल | पुष्पलाल मध्यपहाडी लोकमार्ग | राजश्व दाखिला गरेको तर कार्यालय अनुमती प्रदान नगरेको |
| ३ | राम प्रसाद पण्डित | पुष्पलाल मध्यपहाडी लोकमार्ग | घर अभिलेखीकरण प्रमाणपत्र प्राप्त गरेको |
| ४ | जानुमाया श्रेष्ठ | पुष्पलाल मध्यपहाडी लोकमार्ग | भवन निर्माण स्थायी इजाजत पत्र प्राप्त गरेको |
| ५ | शिवराम कोइराला | कोइरालाफाँट-धुसेनी | भवन निर्माण स्थायी इजाजत पत्र प्राप्त गरेको |
| ६ | अम्बिका गौली | सुन्दरबजार-कुन्छा | |

## निर्णय नं १०

यस नगरपालिकामा करार सेवामा कार्यरत विभिन्न सेवाका कर्मचारीहरुको करार सेवा अवधि मिति २०७९।०९।३० मा समाप्त हुने भएकोमा कार्यरत कर्मचारीहरुको सेवा करार अवधि २०८० असार मसान्त सम्म नविकरण गर्ने सर्वसम्मतले निर्णय गरियो ।

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

**निर्णय नं ११**

वि.स २०८३ सम्म यस नगरपालिकालाई पोषण मैत्री र बालमैत्री पालिका घोषणा गर्ने र उक्त कार्यका लागि गनुपर्ने कार्यक्रमहरु प्रभावकारी रुपले संचालन गर्ने सर्वसम्मतले निर्णय गरियो ।

**निर्णय नं १२**

यस नगरपालिका भित्र व्यवसाय कर संकलनको लागि सम्बन्धीत वडा कार्यालय, उद्योग वाणिज्य संघ तथा नेपाल चेम्बर अफ कमर्स सँग समन्वय गर्ने साथै उक्त व्यवसाय करबाट प्राप्त राजश्व उद्योग वाणिज्य क्षेत्रको हित हुने योजना/कार्यक्रमहरु विशेष प्राथमिकता दिई सहकार्यमा संचालन गर्ने सर्वसम्मतले निर्णय गरियो ।

**प्रस्ताव नं १३**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ मा गाँउपालिका तथा नगरपालिकाको अधिकार अन्तर्गत उप दफा (२) खण्ड क. (छ) मा व्यवस्था भए बमोजिम सार्वजनिक जग्गा, ऐलानी जग्गा, पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा सम्बन्धमा सार्वजनिक जग्गाको संरक्षण गर्नका लागि सार्वजनिक जग्गामा कुनै पनि भौतिक संरचना बन्न रोक्ने तथा कुनै पनि संगठित संघ संस्थाको नाममा लालपुर्जा भएमा मात्र भौतिक पूर्वाधार निर्माणका लागि वडा कार्यालय तथा नगरपालिकाबाट रकम विनियोजन गर्ने साथै अन्य निकायमा सिफारिस गर्दा समेत सो लाई आधारमानी सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १४**

सार्वजनिक जग्गाको संरक्षण गर्ने प्रयोजनका लागि सार्वजनिक जग्गाको खोजी गर्ने र यथार्थ प्रतिवेदन पेश गर्न आवश्यक देखिएकोले कार्यदल गठन गर्न नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १५**

यस नगरपालिका भित्र रहेका स्थानीय सडकहरुको तपसिल अनुसार क्षेत्राधिकार(RIGHT OF WAY) निर्धारण गर्ने साथै उक्त सडकहरुको सेट ब्याक सटर सहितको घर निर्माण गर्दा २ मिटर र सटर बाहेकको घर निर्माण गर्दा १.५ मिटर

हुनुपर्ने छ । उल्लेखित सडकहरु बाहेकका आन्तरिक सडकहरुको क्षेत्राधिकार सडकको मध्यरेखादेखी ३ मिटर कायम गर्ने सर्वसम्मतले निर्णय गरियो ।

नगर कार्यपालिकाको कार्यालय सुन्दरबजार, लमजुङ गण्डकी प्रदेश, नेपाल

तपसिल

| सडकको नाम | सडक मापदण्ड मिटर (सडकको मध्यरेखादेखी) |
|---|---|
| पतेनी प्रतिक्षालयदेखि गढीकालिका मन्दिर जाने मोटर बाटो | ३ |
| बिखौंली पानी पधेरोदेखि कुरा भञ्ज्याङ हुदै पाँउदी जाने मोटर बाटो | ३ |
| थापाको चौतारादेखि चायापानी हुदै सोती गाँउ, बस्नेत गाँउ रातमाटे जाने मोटर बाटो | ३ |
| जनजागृति प्राविदेखि सिर्वानी गाँउ हुदै भागिरथी भञ्ज्याङ मोटरबाटो | ३ |
| भागीरथी भञ्ज्याङदेखि कोइराला फाँट जोडने मोटर बाटो | ४ |
| कालीरह देखि पिपलबोट हुदै बडहरे, लेखपानी जोडने मोटरबाटो | ३ |
| सुत्केरी ढुङ्गादेखि देउराली, शान्तिबजार हुँदै देउताको थान सम्म | ४ |
| पतेनी देखि रोहोटेपानी गाँउ हुँदै लेखपानीसम्म जाने मोटरबाटो | ३ |
| जुगेपानी हुँदै टारी चौतारा मोटरबाटो | ३ |
| चेलीबेटी मार्गदेखि औलिशिखा हुँदै कुखुरे जाने मोटरबाटो | ३ |
| | |
| आहाले भगेरी थान देखी देउराली | ३ |
| देउराली हुँदै लोकमार्ग जोड्ने बाटो | ४ |
| बसौलाको चौतारा देखी देउराली हुँदै लोकमार्ग जोड्ने बाटो | ३ |
| २ साईराम चोकबाट बुढीकुवा हुँदै हनुमान चोक जोड्ने बाटो | ३ |
| थानी अपारबस्ती हर्से बाट बडहरे जोड्ने बाटो | ३ |
| वडा कार्यालयबाट सिमपानी हुँदै बडहरे | ३ |
| साई फन चोकबाट मनकामना टोल हुँदै ईट्टा भट्ट | ३ |
| सुन्तले चोकबाट तनहुँ जोड्ने सडक | ४ |

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

| | | |
|---|---|---|
| | | |
| ३ | सुन्दरवजार नगरपालिका वडा नं. ४ को सिमाना छहरे खोल्सा देखी वडा नं. १० को सिमाना मैदानेको खहरे खोला भित्रको वडा नं.३ को मध्यपहाडी लोक मार्गको सडक | ४ |
| | पाँउदीखोला बाट मध्यपहाडी हुदै पाणिनि हात्तिगाडेको मुक्तिनाथ स्मृती गेट मोटर बाटो (मुक्तिमार्ग) | ४ |
| | मध्यपहाडी लोकमार्गबाट पिरिन्तिबेसी हुदै धुसेनी जाने मोटरबाटो | ४ |
| | कटुजे पाणिनी ज्यीमीरे तिनकुले धुसेनी सिमाना सडक | ४ |
| | पोखरीटाउका चोक देखी गिरगिरे पाणिनि तल्लो ग्राउण्ड चोक | ३ |
| | वडा नं.४ को सीमाना मिलनचोकदेखी डाँडागाउँ, चिहानपाटा | ३ |
| | कडुचे खोल्सीबाट स्वारा गाउँ साउनेपानी हुदै अमृत हिमाली बाचनालय सम्मको सडक | ३ |
| | अमृत हिमाली स्मृती बाचनालय देखि उजेली पधेरो राउले सम्मको सडक । | ३ |
| | गैराघर बोडिङका सडक मोडबाट सर्बोदय क्याम्पस हुदै देउराली पधेरो सम्मको सडक | ३ |
| | ढोकाथापे मदनआश्रीत भवन गीरेचौर हुदै दमैबारी ढुङ्गाना खोल्सी सम्मको सडक | ३ |
| | दाम्था गाउ मोडबाट पोखरीचौर ढुङ्गाना चौतारी दुरा पधेरो कुइरी चौतारो दुरा पाउना घर सम्मको सडक | ३ |
| | दाम्था गाउ मोडबाट चिप्लेटी धगुवा पानी ट्याङ्की सम्मको सडक | ३ |
| | देवतापानी देउराली स्वरादेखी भोलनी सार्की खोला सम्मको सडक | ३ |
| | शान्ती सदन प्रा बी ज्यमीरे बाट सामुदायीक भवन हुदै ओख्लेपानी पोखरी सम्मको सडक | ३ |
| | प्रहरी चौकी, दुराडाँडा चोक देखी तिनकुले सम्म | ४ |
| | | |
| ४ | जुगेपानी घुम्ती देखि आगेढाड हुदै मिलनचोक सडक | ४ |
| | जुगेपानी धारापानी सडक | ३ |
| | कुकुर काटे चौर पाचघरे हुदै पोखरी टाउका सडक | ४ |
| | तिलकनाथ घुम्ती हुदै छहरे छागो सडक | ३ |
| | आगेढाड घुम्ती वाट सिम्ले गाउ हुदै किरिन्चे सडक | ३ |
| | जिम्मल गाँउ जुलुम चौतारा सडक | ३ |

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

| | | |
|---|---|---|
| | मिलनचोक वाट श्री सदन सडक | ३ |
| | पोखरी टाउका टि एफ सिम्लेगाउ हुदै आराभा सडक ( उपल्लो पाँचघरे) | ३ |
| | तिलक नाथ घुम्ती वाट पाडे गाउ हुदै वसेलडाडा सडक | ३ |
| | खहरेखोला हुदै पुरानोडिही पुछार सडक | ३ |
| | जाडेखोला वाट पुरानोडिही पुछार सडक | ३ |
| | पारीचौर पल्लो पाँचघरे मोटर वाटो | ३ |
| | खहरेखोला पाउदीखाला मोटरवाटो | ३ |
| | मध्यपहाडीवाट खोपकेन्द्र जाने वाटो (पुरानाडिही) | ३ |
| | सस्कृती सदन मा बि को गेट देखि वडा कार्यलय हुदै कफि सहकारी सडक | ३ |
| | | |
| | खहरे-गहते -चिसापानी सडक | ४ |
| | गहते चोक-चापाखर्क चोक | ३ |
| | चाँपाखर्क चोक-गहते-चिसापानी | ४ |
| | गहते-नयाँगाँउ | ३ |
| | गहते-बाखे सडक | ३ |
| | खहरे(ज्यामिरे)-चापाखर्क-बजारकोट | ३ |
| | खहरे-पाँउदीखोला सडक | ४ |
| | ज्यामिरे चोक -दशमुरे पार्क | ३ |
| ५ | चापखर्क-अमलेखर्क सडक | ३ |
| | विद्या ज्योति चोक-वडा कार्यालय- नयाँ बस्ती-खहरे-जनसेवा टोल-कटुवा गरो-कमेरे सडक | ३ |
| | मैदाने चोक-ग्याग्दी खोला | ३ |
| | कमेरे-थाक्ले-घुमाउने | ३ |
| | थाक्ले चौतारा-घुमाउने देउराली | ३ |
| | भोर्लेनी-बागेडाँडा-खरीभन्ज्याङ-चिसापानी | ४ |
| | बागेडाँडा-खोर्सानी | ३ |
| | खरिभन्ज्याङ-फाले | ३ |
| | | |
| | ग्याग्दीखोला-पात्लेपानी (धारापानी) तर्फजाने कच्ची मोटरवाटो | ३ |
| | खत्रीठाटी -चाम्वोटे मेटरवाटो | ३ |
| ६ | खत्रीठाटी -वरवोट मोटरवाटो | ३ |
| | अप्रेनी थम्मने मोटरवाटो | ३ |
| | धारापानी टीएफ वाट सत्तरीतिर जाने वाटो | ३ |
| | जरुवा वाट रुम्टा जाने वाटो | ३ |
| | नगरपालिका वाट नमुना अस्पताल जानेवाटो | ३ |

| | | |
|---|---|---|
| | स्वाँरा चौतारा वाट थाक्ले जानेवाटो | ३ |
| | स्वाँरा चौतारा वाट नमुना अस्पताल जानेवाटो | ३ |
| | भोर्लावाटो हुदै ऐसेलुचौर जाने वाटो | ३ |
| | रातामाटा वाट दुरा समाजभवन जाने वाटो | ३ |
| | सानो डिहि हुदै पुरानो वालज्योत जाने वाटो | ३ |
| | कुडहर हुदै पन्चानब्वे जानेवाटो | ४ |
| | कुडहर हुदै भिङगे खोल्सी जाने वाटो | ३ |
| | ६ न.वडा कार्यालय अगाडीवाट दुरासमाज भवन जाने वाटो | ३ |
| | दुरासमाज भवन हुदै मोहरिया टोल जाने वाटो | ३ |
| | मोहरिया टोल हुदै सिलीडेडाँडा जानेवाटो | ३ |
| | मोहरिया हुदै ऐसेलचौर जाने वाटो | ३ |
| | ऐसेलचौर हुदै लामागाउ जाने वाटो | ३ |
| | दुरासमाज भवन हुदै विरौटा जानेवाटो | ३ |
| | सैनिकटोल हुदै नमुना अस्पताल जाने वाटो | ३ |
| | सानटार मार्ग | ३ |
| | तेरमुरे वाट विरौटा जानेवाटो | ३ |
| | टारीखेत वाट रमाइलोडाडा हुदै सिलीडेडाडा जानेवाटो | ३ |
| | सिलीडेडाडा हुदै कोल्डाडो चौतारा जाने वाटो | ३ |
| | सिलिडेडाडा हुदै वाङगेपिपल जानेवाटो | ३ |
| | वोहटी मुहान हुदै आहाले जाने वाटो | ३ |
| | ढाड वाट साठीखेत जानेवाटो | ३ |
| | निवुटे-साठी हुदै बर्खेचौर जाने वाटो | ३ |
| | मणि वाट वाङगे पिपल जाने वाटो | ३ |
| | भट्टा डिही मार्ग क | ३ |
| | भट्टाडिही मार्ग ख | ३ |
| | भिङगेखोल्सी टी.एफ. हुदै चुरेटारी जाने वाटो | ३ |
| | भिजनचोक वाट मकैवारी जाने वाटो | ३ |
| | काउरे मोटरवाटो | ३ |
| | तेरमुरे चौतारा सालिमरयाङ खोला | ४ |
| | रमाइलोडाडा हुदै निम्वोटो जाने | ३ |
| | अर्चले गोदाम घर जाने वाटो | ३ |
| | अर्चले वाट सतसंघ भवन जाने वाटो | ३ |
| | अर्चले गंगा मार्ग | ३ |
| | सयपत्री वाट भट्टराइ वस्ती | ३ |
| | सुन्दरवस्ती टोल वाट भित्र जाने जानेवाटो क | ३ |
| | सुन्दरवस्ती टोल वाट भित्र जाने जानेवाटो ख | ३ |
| | अन्नपुर्णटोल थुम्का घरतिर जानेवाटो | ३ |

नगरपालिकाको कार्यालय सुन्दरबजार, लमजुङ गण्डकी प्रदेश, नेपाल

नगर प्रमुख

| | | |
|---|---|---|
| | लक्ष्मी मार्ग | ३ |
| | सैनिकटोलवाट गंगा. वहादुर वि.क.को घरतर्फ जाने वाटो | ३ |
| | हिलेटोल भित्री मार्ग | ३ |
| | सम्झना मार्ग | ३ |
| | अप्रेनी खोल्सी काउरे जाने वाटो | ३ |
| | लक्ष्मीमार्ग ,कोलडाडो वाङगेपीपल जाने वाटो | ३ |
| | आहाले ऐसेलुचौर | ३ |
| | सानाकिसान अगाडी गल्ली पुर्व तर्फ झिङगे खोल्सी | ३ |
| | ऐसेलुचौर एक्ले वरको रुख | ३ |
| | सिलिङगे डाडा ऐसेलुचौर शिवमन्दिर | ३ |
| | एन्चानव्वे पश्चिम तर्फ जाने भित्री मोटरवाटा | ३ |
| | नमुना अस्पताल मोटर वाटो -अर्चले गोदाम घर जाने मोटर वाटो | ३ |
| | ठुलाखेत उतरतर्फ वाट -न पा कार्यालय जाने मोटरवाटा | ३ |
| | बरबोटे-सिमखेत घट्टको पुच्छार जाने बाटो | ३ |
| | बोगटीबारी आँपश्वारा कुसुण्डे जाने मोटरबाटो | ३ |
| | खत्रीठाँटी जरुवा जाने मोटरबाटो | ३ |
| | | |
| ७ | मातृभूमीचोक-सुन्दरबजार अस्पताल-सहकाले -रमाईलो-मर्स्याङ्दी पर्यटन केन्द्र | ४ |
| | ६ मुरे-सालीमर्स्याङ्दी सडक | ३ |
| | ठाँटी-सदवर्त-बडहरे-मैदाने सडक | ३ |
| | गौरी-चौतारा-राधाकृष्ण मन्दिर | ३ |
| | भण्डारीकुवा-कटहरबोटे -पोखेलगाँउ सडक | ३ |
| | टुनिपाटो-मजुवा-भट्टको डिही | ३ |
| | भिमसेनचोक सडक-छत्रेपुल | ३ |
| | छत्रेपुल-सुकुम्बासी टोल-मध्यपहाडी लोकमार्ग | ४ |
| | सिद्धेश्वर कालिका चोक-माछापुच्छे टोल | ३ |
| | माच्छापुच्छे टोल-बालज्योती बोर्डिङ कालोपत्रे सडक | ३ |
| | कटहरबोटे -राधाकृष्ण मन्दिर-बडहरे सडक | ३ |
| | गौरी चौतारा-पाडेटार-मजुवा सडक | ३ |
| | नयाँ चौतारा-भिरुवा-मातृभूमी | ३ |
| | मातृभुमी चोक -लोहोरे आँप-मिश्र गाँउ-कटहरबोटे सडक | ३ |
| | भण्डारी कुवा-भट्टको कुवा सडक | ३ |
| | ठाटी-सुन्दरबजार खा.पा-मिश्र गाँउ-तार्कुटार सडक | ३ |

सुन्दरबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुन्दरबजार लमजुङ गण्डकी प्रदेश, नेपाल

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

| | | |
|---|---|---|
| | पोखरेल गाँउ-गाँइखुरे सडक | ३ |
| | मातृभूमी चोक-पूरेनी सडक | ३ |
| | माछापुर्च्छे टोल-वेनटार सडक | ३ |
| | सालीमर्‍याङ खोला-चौर सडक | ३ |
| | फिल्महल-पुरानो बजार सडक | ३ |
| | मेनबजार-भिमसेन चोक सडक | ४ |
| | पाँउदी पल्टीङ-कर्मदा नदीका शिवजी मन्दिर जाने सडक | ३ |
| | झिगेटारी-पल्टीङ सडक | ३ |
| | बडहरेखोला-अन्नपूर्ण मन्दिर सडक | ३ |
| | गढला-मर्‍याङ्दी जाने सडक | ३ |
| | ढकाल खोल्सी-वेनटार सडक | ३ |
| ८ | | |
| | जिमित्रे खोला-आरुबोटे-कालिका शिक्षा मन्दिर-स्वास्थ्य चौकी-बलिथुम(भारती सदन) (ग्रामिण मोटरबाटो) | ४ |
| | वडा भित्रका अन्य शाखा मोटरबाटो | ३ |
| ९ | | |
| | नयाँ बजार मार्ग | ३ |
| | घुमाउने चोक देखि मर्स्याङदी जाने बाटो | ३ |
| | फुलबारी चोक देखि मर्स्याङदी खोला सम्मको बाटो | ३ |
| | फुलबारी चोक देखि डौलिया कान्छाको घर सम्मको सडक | ३ |
| | पुलचोक देखि भक्ति नमुनाको सिसौघारी सम्मको सडक | ३ |
| | माया चोक देखि फ्युचर स्टार सम्मको सडक | ३ |
| | धारापानी चोक देखि सिख जाने बाटो ठाडश्वारा सम्म | ३ |
| | तल्लो बजार बालुने भक्ति नमुना जाने सडक | ४ |
| | सिस्नेरी खोला भिमसेन मन्दिर देखि भोटेवडार आयुर्वेद औषधालय सम्मको सडक (अद्वैत मार्ग) | ३ |
| | पैरे गुम्वा देखि डौलिया घर भोज बहादुर तामाङको घर हुँदै सालिमराङ खोला सम्मको सडक | ४ |
| | प्रगती मार्ग | ३ |
| | पैरे विश्वकर्मा मन्दिर देखि हिमाल हाइड्रो सुरुङको सडक दायाँ बायाँ | ३ |
| | पैरे विश्वकर्मा मन्दिर देखि सिरसिरे डाँडा हुँदै ८ नं. सिमाना सम्मको सडक | ३ |
| | पैरे विश्वकर्मा मन्दिर भविश्य निर्माण मा.वि पछाडिको बाटो हुँदै पुरण्डी सम्मको सडक | ३ |
| | तिन मुखे चोक देखि वाङ्गे चौतारा सम्मको सडक | ३ |

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

| | | |
|---|---|---|
| | फेदिकुना प्रगति टोल आमा समुहको भवन हुँदै सुक बहादुर गुरुङको घर देखि तिन मुखे चोक सम्मको सडक | ३ |
| | अधेरी खोला देखि कटहरबोटे सम्म सडक | ३ |
| | अधेरी खोला देखि तिन मुखे चोक सम्मको सडक | ३ |
| | अधेरी खोला देखि खगराज सापकोटा रामहरि भट्टराई शिव मन्दिर हुँदै फेखिकुना प्रतिक्षालय | ३ |
| | फेदिकुना प्रतिक्षालय देखि कर्म सम्पालिङ गुम्बा सम्मको सडक | ३ |
| | लाली गुराँस बोर्डिङ चोक देखि राम बहादुर तामाङको घर सम्मको सडक | ३ |
| | एनइए गेट चोक देखि वोमटी चौतारा हुँदै ६ नं. सिमाना सम्म सडक | ३ |
| | रिठ्ठे खोला ठाडश्वारा देखि सिख जाने बाटो | ३ |
| | रिठ्ठे खोला ठाडश्वारा देखि घोकेश्वारा जाने वडा नं ९ को सिमाना सम्मको बाटो | ३ |
| | फेदीकुना थुम्का जाने बाटो | ३ |
| | | |
| १० | कामी डाँडा देउराली डाँडा गोरसे ढुङ्गा सिलसिले ढुङ्गा सडक | ४ |
| | फेदी चौडाडा सडक | ४ |
| | साउथर पाखुरे कर्तपुर सडक | ३ |
| | माझगिडा सडक | ४ |
| | गोर्खाली डाँडा सडक | ३ |
| | लोकमार्गबाट कोइरालाफाँट खेल मैदान हुँदै कटुजे सडक | ३ |
| | हरिवेसी माझगिड धुसेनी सडक | ४ |
| | धुसेनी स्वास्थ्य चौकी विष्ट गाँउ सडक | ३ |
| | वडा कार्यालय सडक | ३ |
| | कोइरालाफाँट रुम्टा खोला कृषि सडक | ३ |
| | बतासे माझगिरा | ३ |
| | कालिका सडक | ४ |
| | | |
| ११ | स्कूलदेखि कानीस्वाँरा जोड्ने मोटरबाटो | ४ |
| | मनकामना मन्दिर देखि धकालथोक सम्म जोड्ने मोटर बाटो | ३ |
| | कुवापानी देखि कालिका सम्म जोड्ने मोटर बाटो | ३ |

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

| | | |
|---|---|---|
| | कुवापानी देखि कालिका सम्म जोड्ने मोटर बाटो | ३ |
| | कोचेपानी फोस्रे घडेरीडाडा गैरीगाउँ पामे हुदैं पामेखेत जोड्ने मोटरबाटो | ४ |
| | केउरानी छेलाती हुदै काउरेपधेरा जोड्ने मोटर बाटो | ३ |
| | कुल्थोक देखि कुम्लेगाउँ जोड्ने मोटर बाटो | ३ |
| | काउरे पधेरादेखि ठूलो चौर स्कूल जोड्ने मोटरबाटो | ३ |
| | साउनेपानी देखि कामीगाउँ हुदै ज्यामिरबोट | ३ |
| | भिरथाप्ला देखि भिरपाने जोड्ने मोटरबाटो | ३ |

यो मापदण्ड लागु हुनु अगावै कायम रहेका र स्वीकृति प्राप्त गरी भवनहरु निर्माण भइसकेका ५० मीटर भन्दा छोटा बाटाको क्षेत्राधिकार सो वाटोको केन्द्ररेखावाट न्यूनतम १.५ मिटर कायम गरिनेछ । स्वीकृति प्राप्त गरी भवनहरु निर्माण भइसकेका ४ मिटर भन्दा कम चौडा सार्वजनिक सडकहरुको क्षेत्राधिकार सो सडकको केन्द्ररेखावाट २ मिटर कायम गरिनेछ । नयाँ निर्माण हुने सडकको क्षेत्राधिकार सो सडकको केन्द्र रेखावाट न्यूनतम ३ मिटर कायम गर्नु पर्दछ । तर, प्राविधिक समितिको सिफारिसमा जटिल भौगोलिक क्षेत्रमा सडकको चौडाई केन्द्र रेखावाट न्यूनतम २ मिटर कायम गर्न सकिनेछ । यस्ता नयाँ निर्माण हुनेसडक छेउमा भवन निर्माण गर्न स्वीकृति दिंदा सडक तर्फको न्यूनतम सेटव्याक १.५ मिटर कायम गरिनेछ । माथि उल्लेखित सडकहरु मध्ये नक्सामा लगत कट्टा भएका सडकहरुको क्षेत्राअधिकार नक्सामा उल्लेख भए बमोजिम हुनेछ ।

**निर्णय नं १६**

यस नगरपालिका भित्र पर्ने राष्ट्रिय राजमार्ग तथा प्रदेश राजमार्गहरुको भौगोलिक कठिनाई र स्थापित वस्ती विकासका कारण सडकको क्षेत्राधिकारका सम्बन्धमा छलफल गरी उपयुक्त निर्णय लिन लागि कार्यपालिकालाई अधिकार प्रत्योजन सर्वसम्मतले निर्णय गरियो ।

**निर्णय नं १७**

यस नगरपालिका सवारी चालक पदमा कार्यरत कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता उपलब्ध नगराउने र मिति २०७९/१०/१ गते देखी लागु हुने गरी मासिक रुपमा फिल्ड तथा अनुगमन भत्ता स्वरुप रु १०,०००। का दरले भत्ता दिने र हेवी अपरेटर पदमा कार्यरत

सुन्दरबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुन्दरबजार लमजुङ गण्डकी प्रदेश, नेपाल

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार लमजुङ
गण्डकी प्रदेश, नेपाल

कर्मचारीलाई यस अघि प्रती घण्टा रु १५० अपरेटर भत्ता रहेकोमा रु ५० बृद्धी गरी प्रती घण्टा रु २०० अपरेटर भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १८**

यस नगरपालिकामा कार्यरत दुई वटा वडाको जिम्मेवारी समाल्ने वडा सचिवहरुलाई यस अघि रु ३,०००। मासिक प्रोत्साहन भत्ता प्रदान गरिएकोमा मिति २०७९/१०/०१ गते देखी लागु हुने गरी रु १,०००। थप गरी रु ४,०००। प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १९**

कर्मचारी पुरस्कार सिफारिस समितिले सिफारिस गरे बमोजिम यस नगरपालिकामा कार्यालय सहयोगी पदमा कार्यरत कर्मचारी किसान कुमाललाई उत्कृष्ट कर्मचारी घोषणा गर्ने र रु २५,०००। नगद सहित सम्मान निर्णय गरियो ।

**निर्णय नं २०**

मिति २०७९/०३/२० देखी मिति २०७९/९/२५ गते सम्म नगरकार्यपालिकाको ११ वटा बैठकले गरेका सम्पूर्ण निर्णयहरु सर्वसम्मत रुपमा अनुमोदन गरियो ।

2079/9/28

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख